नेपाल उद्योग परिसंघ

तथा परिसंघ-प्रबुद्ध परिषद्

# आर्थिक समृद्धिको मार्गचित्र एवम् आवश्यक कानुनी सुधार



वैशाख, २०७५

Eminent Persons' Council

NMB

# नेपालको उत्कृष्ट बैंक

The Banker

Bank of the Year 2017

NEPAL

NMB BANK
एनएमबि बैंक

समृद्ध नेपालको लागि

नेपाल र नेपालीको आर्थिक समृद्धिकालागि प्रतिबद्ध एनएमबि बैंक, फाइनान्सियल टाईम्स, लण्डनद्वारा "बैंक अफ द ईयर २०१७, नेपाल" जस्तो गरिमामय सम्मानबाट सम्मानित भएकोमा हामी गौरवान्वित छौं । हामीलाई यो स्थानमा पुऱ्याउन सहयोग गर्नुहुने सम्पूर्ण ग्राहकवर्ग, शेयरधनी महानुभावहरू, कर्मचारी मित्रहरू, नियमन निकायहरू लगायत सम्पूर्ण शुभ-चिन्तक महानुभावहरूमा कृतज्ञता ज्ञापन गर्दछौं ।

एनएमबि बैंक लिमिटेड, बबरमहल, काठमाण्डौ | फोनः ९७७-०१-४२४६१६०
टोल फ्रि नं. १६६००१२५२५२ | इमेलः call@nmb.com.np | वेबः www.nmb.com.np

NMB BANK
एनएमबि बैंक
समृद्ध नेपालको लागि

A JOINT VENTURE WITH
FMO
Entrepreneurial Development Bank
The Netherlands

Member of
global alliance for banking on values

NIC ASIA
एन आई सी एशिया बैंक लि.



"सर्वाधिक उच्च ब्याज,
सुन्दै गज्जब लाग्ने
सुविधाहरुको साथ"

मनिषा कोइराला

साथीको साथ पाए पछि अब हुन्छ फाइदै फाइदाको बहार

प्रिमियम समुन्नति बचत खाता

- देशभरिका कुनै पनि बैंकको कुनै पनि ATM बाट जति पटक पनि नि:शुल्क रकम निकाल्न सकिने
- NTC वा Ncell को रु. १०० बराबरको रिचार्ज कार्ड / Top Up सुविधा
- मासिक ब्याज भुक्तानी
- Home Banking सुविधा
- रु. ५ लाखमा नबढ्ने गरि खातामा रहेको मासिक औसत मौज्दातको ५ गुणासम्मको दुर्घटना बीमा
- न्यूनतम मौज्दात रु. १,००० मात्र
- नि:शुल्क Debit/Credit Card, Internet/Mobile Banking, ABBS सेवा र Demat खाता
- नि:शुल्क Good for Payment चेक तथा Balance Certificate
- बार्षिक लकर शुल्कमा ५०% छुट (उपलब्धताको आधारमा)

८%
बार्षिक ब्याजदर

*शर्तहरु लागू हुनेछन् ।



रिटेल लोनको प्रशासकिय शुल्कमा बिशेष छुट
विदेशी मुद्रा कारोबारमा विशेष सहुलियत
Dollar Card जारी गर्दा विशेष छुट
सिमित अवधिको लागि मात्र
विस्तृत जानकारीका लागि "SAVE" टाईप गरी ३४४८८ मा SMS वा नजिकैको शाखा कार्यालयमा सम्पर्क गर्नुहोस्।
www.nicasiabank.com
Toll Free No: 1660-01-77771
बैंक पनि, साथी पनि




थुप्रै योजना, उच्च बोनस दर
बीमित हुने, अब सारा नेपालीको रहर!
नेपाल लाइफ
जीवन सम्बृद्धि
जीवन बीमा
नेपाल लाइफ
जीवन साहारा
बीमा योजना
नेपाल लाइफ
ग्रामिण सावधिक
जीवन बीमा
नेपाल लाइफ
जीवन उन्नति
बीमा योजना
स्मार्ट
जीवन बीमा
सबैको लागि जीवन बीमा
नेपाल लाइफ
बाल शिक्षा योजना




नेपाल लाइफ
इन्स्योरेन्स कं. लि.
किनकि जीवन अमूल्य छ...
प्रधान कार्यालयः हेरिटेज प्लाजा १, दोस्रो तल्ला, कमलादी, काठमाडौं । फोनः ४१६९०८२ । फ्याक्सः ४१६९०८९ । पो. ब. नं. ११०३०
ई-मेलः info@nepallife.com.np । वेवसाइटः www.nepallife.com.np www.facebook.com/Nepallife.Insurance


# आर्थिक समृद्धिको अभिलाषा



देशमा लामो राजनीतिक संक्रमणको अन्त्य भइ राष्ट्रको समग्र आर्थिक र सामाजिक क्षेत्रको विकास र निमार्ण गर्ने अभूतपर्वू अवसर मुलुकमा आएको छ । सबै जनता, राजनीतिक दल र जनप्रतिनिधिहरूको समेत सहमति बनेको र वर्तमान नेपालको यथार्थतामा अत्यावश्यक राष्ट्रको आर्थिक समृद्धि नै आज मुख्य एजेन्डाको रूपमा स्थापित भएको छ । यसै पृष्ठभूमिलाई मनन् गर्दै विकासको सम्वाहक एवम् नेपालको निजी क्षेत्रको प्रतिनिधि संस्था नेपाल उद्योग परिसंघले लामो छलफल र गृहकार्य पछि निम्न दुईवटा विषयमा आफ्नो अवधारणा तयार गरी त्यसलाई लागू गर्न आवश्यक रहेको कुरा जानकारी गराउने अभिलाषाका साथ यो मार्गचित्र प्रकाशनमा ल्याएको छ ।

**१) आर्थिक समृद्धिको मार्गचित्रः**

देशका सबै नागरिकको प्राथमिक आकांक्षाको रूपमा आथिर्क समृद्धि नै रहेको वर्तमान परिवेशमा राष्ट्रको समृद्धिको मार्गचित्र कस्तो हुनुपर्छ ? र लगानी प्रवर्द्धनको लागि निजीक्षेत्रमैत्री वातावरणको लागि विद्यमान ऐन कानुनमा के-कस्तो परिमार्जन वा संशोधन वा खारेजी वा नयाँ ऐन तर्जुमा गर्नु आवश्यक छ भन्ने विषय पनि त्यति नै सान्दर्भिक र मनन् योग्य छन् । हामी सबैले विद्यमान अड्चन र चुनौतीको सामना गर्दै उपलब्ध अवसरहरूको प्रयोगमा सँग सँगै हातेमालो गर्न आवश्यक छ । "आर्थिक समृद्धि" लाई प्राथमिकतामा राखी लगानीको दिगो आधारशिला खडा गर्न नेपालको समृद्धिको मार्गचित्रमा समेटिनु पर्ने र कानुन र नीति-नियममा सुधारका के-के विषय हुन सक्छन् भन्ने विषयलाई समेत गहिरो अध्ययन र विश्लेषण गरी परिसंघले, परिसंघ-प्रबुद्ध परिषद् (CNI Eminent Persons Council) समेतको सहकार्यमा यस विषयको अवधारणा प्रस्तुत गरिएको छ ।

**२) आर्थिक समृद्धिका लागि विद्यमान कानुनमा गर्नुपर्ने सुधार, संशोधन वा खारेजीः**

निजी क्षेत्रलाई उत्पादनशील ढंगले अर्थतन्त्रमा सक्रिय गराउन, विधिको शासन (Rule of Law), प्रभावकारी सुशासनको प्रवर्द्धन (भाभअतष्खभ न्ययम न्यखभचलबलअभ) र नीतिगत स्थिरता (Policy Consistency) को आवश्यकता रहेको छ । उपरोक्त तीनवटा उद्देश्य हासिल गर्नका लागि हाल देशमा विद्यमान रहेका निकै पुराना भैसकेका ऐन कानुन र तिनमा भएका अमूर्त, अस्पष्ट, विरोधाभाषपूर्ण र अप्रासाङ्गिक प्रावधानहरूमा संशोधन, परिमार्जन वा खारेज गर्न आवश्यक छ । देशले खुला, बजारमुखी र प्रतिस्पर्धात्मक आर्थिक नीति अंगीकार गरेकोले तत्कालीन एकांकी र अनुदार राज्य व्यवस्थाले आफ्नो आवश्यकता पूर्ति गर्न तर्जुमा गरेको नियन्त्रणमुखी कानुनी व्यवस्थाहरू हाल पनि विद्यमान छन् । ती कानुनमा रहेका धेरैजसो - अन्त्यन्त पुराना एवम् असान्दर्भिक व्यवस्थाहरू र त्यसमा आधारित तजबिजी निर्णय गर्न पाउने प्रावधानले आर्थिक गतिविधिमा असहजता थपेको छ र त्यसको फलस्वरूप देशमा औद्योगिक लगानी वृद्धि हुन सकेको छैन । र आज हाम्रो देशले धान्नै नसक्ने गरी व्यापारघाटा तीव्र रूपमा बढिरहेको छ भने औद्योगिक उत्पादन र रोजगारीका अवसरहरू अत्यन्त न्यून भएका छन् ।

मुलुकको आर्थिक, औद्योगिक एवम् निजी क्षेत्रको व्यावसायिक विकासको लागि अनुकूल तथा समयसापेक्ष नभएका एवम् संशोधन, परिमार्जन र खारेजी गर्नुपर्ने ऐनहरूको विवरणका साथै निजी क्षेत्रलाई टड्कारो रूपमा पर्न गएका कानुनी एवम् प्रक्रियागत समस्या र तिनमा गरिनुपर्ने संशोधन/परिमार्जनको सम्बन्धमा नेपाल उद्योग परिसंघले विस्तृत अध्ययन र छलफल गरी तत्काल खारेज र संशोधन एवम् परिमार्जन गर्न वाञ्छनीय देखिएका कानुन र नियममावलीहरूको विवरण (तीन महले सहितको सुझाव संलग्न गरेको छ । नेपाल सरकार र नवनिर्वाचित संसद्ले उच्च प्राथमिकताका साथ उल्लेखित ऐन कानुनहरूको आवश्यक संशोधन र खारेजीको प्रक्रिया सुरू गरी प्रविधि, औद्योगिक एवम् उत्पादनशील क्षेत्रको व्यावसायिक विकासको मार्ग तय गर्न आवश्यक छ ।

यस प्रकाशनमा क्रमशः खण्ड १ र खण्ड २ समावेश गरी उल्लेख भएका विषयमा सम्बन्धित सबैसँग सुझाव र टिप्पणीको लागि परिसंघ विनम्र आग्रह गर्दछ । परिसंघले प्रकाशनको रूपमा जनसमक्ष ल्याएको यो अवधारणाको मुख्य उद्देश्य "समृद्ध समाजको निर्माण गर्न आवश्यक मार्गचित्र" सिर्जना गरी यसको कार्यान्वयनमा सहजीकरण गर्नु रहेको छ । खण्ड २ मा समावेश भएका कानुनहरूमा गर्नुपर्ने सुधारसम्बन्धी विषय परिसघंको संस्थागत अवधारणा हो । यस अवधारणा निर्माणमा परिसंघ प्रबुद्ध परिषद्को संलग्नता छैन । यो प्रकाशन आफैँमा पूर्ण होइन तर यसमा व्यापक छलफल, बहससहित परिसंघको अवधारणा कार्यान्वयन तहमा पुऱ्याउन सम्बन्धित सबैबाट आवश्यक सहयोग हुनेछ भन्ने अपेक्षा सहित प्रस्तुत पुस्तक प्रकाशनको क्रममा विज्ञापन उपलब्ध गराई सहयोग गर्नु हुने सम्बन्धित सबै विज्ञापनदाता संस्थाहरूमा परिसंघ हार्दिक आभार व्यक्त गर्दछ ।

**हरि भक्त शर्मा**
अध्यक्ष

वैशाख, २०७५

## Confederation of Nepalese Industries
## Office Bearers
### *नेपाल उद्योग परिसंघ - पदाधिकारीहरू*



श्री हरिभक्त शर्मा
अध्यक्ष



श्री विनोद कुमार चौधरी
अध्यक्ष एमिरेट्स



श्री नरेन्द्रकुमार बस्न्यात
निवर्तमान अध्यक्ष



श्री सतिषकुमार मोर
वरिष्ठ उपाध्यक्ष









श्री अनुज अग्रवाल
उपाध्यक्ष



श्री विष्णुकुमार अग्रवाल
उपाध्यक्ष



श्री निर्वाण चौधरी
उपाध्यक्ष



श्री कृष्णप्रसाद अधिकारी
उपाध्यक्ष



श्री राजेश अग्रवाल
उपाध्यक्ष



श्री शुलभ अग्रवाल
उपाध्यक्ष



श्री मेघनाथ न्यौपाने
महानिर्देशक

## CNI-Eminent Persons Council (Think Tank)
## परिसंघ प्रबुद्ध परिषद्



डा. शम्भुराम सिम्खडा – संयोजक

सदस्यहरु







डा. शंकरप्रसाद शर्मा

प्रा. डा. गोविन्दराज पोखरेल

डा. विन्दु लोहनी







श्री पुरूषोत्तम ओझा

श्री कृष्ण ज्ञवाली

श्री किशोर थापा







प्रा. डा. सुवास के.सी.

श्री हिमालय थापा

डा. गोविन्द थापा





प्रा. डा. मीना वैद्य मल्ल

डा. विश्व पौडेल

GHORAHI
CEMENT INDUSTRY
ISO 9001:2015
ISO 14001:2015
Certified Company

SAGARMATHA
CEMENT


Juni Junilai...
50 Kg. Net
SAGARMATHA
SAGARMATHA CEMENT
O.P.C
Ordinary Portland Cement.
A quality product of
GHORAHI CEMENT INDUSTRY PVT. LTD.
Laxmipur V.D.C., Dang
100% NEPALI
५०
सगरमाथा गोल्ड
P.P.C
पोर्टल्याण्ड पोजोलाना सिमेन्ट
गुणस्तरीय उत्पादन
घोराही सिमेन्ट इन्डष्ट्री प्रा. लि.
लक्ष्मीपुर गा.वि.स., दाङ
१००% नेपाली
www.ghorahicement.com.np | www.facebook.com/ghorahi.cement

# विषय सूची

खण्ड १

## खण्ड १


| | |
|---|---|
| पृष्ठभूमि | १ |
| अवसर र चुनौती | ३ |
| आर्थिक समृद्धिको मार्गचित्रभित्र समेटिनुपर्ने विषय | ५ |
| समृद्धिका लागि सुशासन | १५ |
| सुरक्षा तथा कूटनीतिको दृष्टिकोणले ध्यान दिनुपर्ने कुराहरू | १६ |


## खण्ड २


| | |
|---|---|
| आर्थिक समृद्धिको लागि प्रतिकूल देखिएका केही ऐन कानुनमा गर्नुपर्ने संशोधन | २५ |


# CNI Vision Mission and Objectives

## Vision

- Act as a forerunner of major changes in global economic and business scenario

To play lead role in making the countrys industrial sectors vibrants, resilient as well as globally competitive, and promoting the investement friendly environment for achieving a sustainable double digit economic growth.

## Mission

The primary area of CNI to work is encouraging positive competition and competent management among the industries, promoting domestic and foreign investemen, and creating employment oppoutunities in the countrys industries and corporate sector.

## Objective and Goals

The principal objective of CNI is to encourage positive competition and competent management among the industries, promoting domestic and foreign investment, and creating employment opportunities in the country's industrial and corporate sector.

A part from this, CNI has been identified the following specific goals and working to achieve the same.

- Proper representation of the country's medium as well as large scale manufacturing and services industries.
- Provide meaningful policy inputs to the government in the area of industrial development, investment and export promotion, trade facilitation, industrial relation.

global economic and business scenario and possible impacts to Nepal.

- Help to create an industrial environment conducive to domestic and foreign investment.
- Working closely with the government on policy formulation and implementation issues
- Enhancing efficiency and competitiveness of Nepalese industries.
- Creating opportunities for the country's industrial growth through specialized services and global linkages.
- Acting as platform of consensus building and networking for public private partnership in development agendas.
- Develop CNI as a 'Think Tank' institution for the management and development of the economic and industrial sector of Nepal through the means of research and development (R&D).



खण्ड १

# आर्थिक समृद्धिको मार्गचित्र



## १ *पृष्ठभूमि*

लामो राजनीतिक संक्रमणको अन्त्यसँगै मुलुकमा बहुप्रतीक्षित राजनीतिक स्थायित्वको सम्भावना बढेर गएको छ । यो सम्भावनालाई अवसरमा बदल्दै मुलुकलाई सुशासन र समृद्धितिर डोऱ्याउने ऐतिहासिक जिम्मेवारी अहिले नयाँ सरकारको काँधमा आएको छ । सरकारको उक्त जिम्मेवारीमा सहयोग पुग्ने गरी यो समृद्धिको अवधारणा नेपाल उद्योग परिसंघले परिसंघ-प्रबुद्ध परिषद्सँगको पटक-पटकको छलफल, सहकार्य र अन्तरक्रियाबाट ल्याएको हो ।

लामो समयदेखि द्वन्द्व र अविकासको दुश्चक्रमा फँसेको नेपालजस्तो मुलुकमा आर्थिक विकास र समृद्धिको एजेन्डालाई अगाडि बढाउनै पर्ने आवश्यकता छ । स्थिर सरकारको निर्माणसँगै सुशासनलाई प्राथमिकता दिएर नेपालका तुलनात्मक रूपमा सबल क्षेत्रहरूको पहिचान गरी तिनमा व्यापक लगानी गर्नुपर्ने आवश्यकता रहेको छ । तदनुरूप जलविद्युत्का परियोजनाहरू र पर्यटन हाम्रा सबल क्षेत्रहरू हुन् भने तिनको विकासका लागि भौतिक पूर्वाधारका परियोजनाहरूको विकास पूर्वसर्त हो । अर्कोतर्फ मुलुकमा र समग्र दक्षिण एसियामा, रोजगारीको सिर्जना एकदम कम भएको छ । यस परिप्रेक्ष्यमा ***औद्योगिकीकरणद्वारा समृद्धि***को नारालाई सार्थक कार्यान्वयन गर्न आर्थिक समृद्धिको मार्गचित्रमा समेटिनुपर्ने केही धारणाहरू यहाँ प्रस्ताव गरिएको छ ।

विपन्नताको अन्त्य गरी आर्थिक सम्पन्नता र वैभवपुर्ण सम्पन्नतासहितको ***'समृद्धि'*** निर्माण नै आजको नेपालको आवश्यकता हो । उच्च दरको आर्थिक वृद्धि, सम्मानित रोजगारीको सिर्जना, व्यापार सन्तुलन, पर्यावरणीय सन्तुलनलाई केन्द्रबिन्दुमा राखी नागरिकलाई शान्ति पूर्ण, स्वतन्त्र, स्वशासित, समतामूलक तथा स्वाभिमानको प्रत्याभूतिसहितको सम्पूर्ण विशेषताहरूको उपलब्धता भएको समृद्ध समाजको निर्माण गर्न आवश्यक धारणाहरू यहाँ प्रस्ताव गरिएको छ ।

समृद्धिको मार्गचित्रले खुल्ला अर्थतन्त्र अंगीकार गर्दै आर्थिक क्रियाकलापमा सहजिकरण एवम् नियमन गर्ने व्यवस्थासहति विशेषतः निम्न सातवटा विषयलाई आधारस्तम्भ मानिएको छ :

१) उच्च, फराकिलो, समावेशी र दिगो आर्थिक वृद्धि,

२) मर्यादित रोजगारीका अवसरहरूको सिर्जना र सिर्जित अवसर र सुविधाहरूमा समन्यायिक पहुँच,

३)	शासकीय स्थायित्त्व (अर्थात् नीति, कानुन, संस्था र नेतृत्वको सुस्थिर निरन्तरता)

४)	सुशासन,

५)	निजी र सरकारी निकायहरूमा उत्कृष्ट व्यवस्थापकीय क्षमता,

६)	ज्ञानको पूर्वाधार (Knowledge Infrastructure) को विकास तथा व्यापक प्रयोग र

७)	शान्तिपूर्ण एवम् मर्यादित प्रतिवाद र प्रतिरोधको संस्कृति ।

समृद्धिका माथि उल्लिखित सात आधार स्तम्भहरूलाई केन्द्रमा राखेर निम्न मान्यताका आधारमा हामीले समृद्धिको संक्षिप्त मार्गचित्र प्रस्तुत गरेका छौं ।

क)	यहाँ उल्लेख गर्न खोजिएका प्राथमिकताका क्षेत्र र विषयबारे सरकार जानकार छ भन्ने हाम्रो मान्यता हो । तथापि ती दृष्टिकोणहरूलाई प्राथमिकताका आधारमा लागू गर्नुपर्छ भन्ने हाम्रो धारणा छ ।

ख)	यहाँ उल्लेख गर्न खोजिएका विचारहरूबारे जानकारी भएको तर त्यस्ता रणनीतिहरू लागू (Enforcement) नभएको वा पर्याप्त नभएको वा रणनीतिहरू लागू गर्न अझ बढी सकारात्मक चिन्तनको आवश्यकता रहेको हाम्रो धारणा छ ।

ग)	केही सुझाव प्रकृतिमा रूपान्तरणकारी भए पनि राम्रा उद्देश्यका लागि परिलक्षित भएकोले यी सुझावहरू सरकारले पहल गरी लागू गर्दा यसबाट असल परिणाम निस्कने हाम्रो मान्यता छ ।



# २ अवसर र चुनौति (SWOT)

## सवल पक्ष Strength

- स्थिर सरकार
- मुलुकको भौगोलिक विविधता
- संघीय प्रादेशिक र स्थानीय संरचना
- सुशासनप्रतिको प्रतिबद्धता
- असल अन्तर्राष्ट्रिय सम्बन्ध
- नवीन सोच तथा प्रतिबद्धता
- विकासप्रतिको जनताको अभिलाषा
- विकासमा महिलाहरूको उल्लेख्य सहभागिता
- उत्साहित निजी क्षेत्र

## कमजोर पक्ष Weakness

- उद्योगमा लगानीको वातावरण
- नयाँ संघीय प्रादेशिक र स्थानीय संरचना
- प्रशासनिक एवम् विकासका कार्यमा नौलो प्रयोग
- आवश्यक कानुनको तर्जुमा परिमार्जन र संशोधन
- भौतिक पूर्वाधारको निर्माण
- उचित जनशक्तिको व्यवस्थापन
- वित्तीय व्यवस्थापन तथा पुँजीको उपलब्धता
- निजी क्षेत्रप्रतिको विश्वास

## अवसर Opportunity

- शक्ति पृथकीकरण तथा विकेन्द्रिकरण
- दिगो विकास लक्ष
- नयाँ कानुनको निर्माण र पुरानो परिमार्जन
- प्रादेशिक तथा स्थानीय नीति तथा लक्ष निर्धारणमा जन सहभागिता
- जलविद्युत्को सम्भाव्यता
- कृषि तथा पर्यटनको प्रचुर सम्भावना
- नयाँ पूर्वाधार निर्माण तथा विस्तारका सम्भावना

## चुनौती Threat

- राजस्व तथा प्राकृतिक स्रोतको बाँडफाँड
- अन्तर प्रदेश तथा स्थानीय प्रशासन बीचको समन्वय
- सुशासन एवम् दण्डहीनता
- नीति तथा कार्यक्रमहरूको कार्यान्वयन (Enforcement) मा संरचनागत समस्या
- बढ्दो व्यापार घाटा र घट्दो औद्योगिक उत्पादन
- विज्ञान र प्रविधिको कमजोर प्रयोग






Cable Car



Bhaleshwor Temple



View Tower



Bar@2520










Café Fountain


Children's Playground


Amphitheatre


Multi-purpose Hall

Thankot, Kathmandu, Nepal | Tel: 01-4312515 / 01-4311719
E-mail: info@chandragirihills.com

/chandragirihills /chandragirihill www.chandragirihills.com

CHANDRAGIRI HILLS
WHERE WISHES COME TRUE



# ३ आर्थिक समृद्धिको मार्गचित्रभित्र समेटिनुपर्ने विषय

*परिसंघ मुलुकको आर्थिक समृद्धिको मार्गचित्रमा समावेश हुनैपर्ने विषयहरू निम्नलिखित हुन् भन्ने विश्वास गर्दछ*

## ३.१ दिगो आर्थिक विकास:

क धेरै अध्ययनहरूले नेपालमा कृषि प्रशोधन, हल्का उत्पादनमूलक उद्योग (Light Manufacturing Industries), सूचना प्रविधि र सञ्चार उद्योगलाई सम्भावना भएका क्षेत्रको रूपमा पहिचान गरेका छन् भने ऊर्जा, पर्यटन, पूर्वाधार (सडक र हवाई) लाई विकासको मूल पूर्वाधार मानेका छन् । अबको आर्थिक समृद्धिको मार्गचित्रमा यी क्षेत्रहरूलाई प्राथमिकता दिनुपर्नेछ ।

ख बेरोजगारी समस्यालाई हल गर्न रोजगारी सिर्जना गर्नुपर्ने कुरालाई मूल मुद्दाका रूपमा लिँदै तदनुरूप मुलुकको आवश्यकता र प्राथमिकतानुसार सार्वजनिक निजी अवधारणाका आधारमा रोजगारी सिर्जना गर्न प्रोत्साहन गर्ने नीति अंगीकार गरिनुपर्छ ।

ग स्वास्थ्य र शिक्षाको न्यून गुणस्तरले मुलुकको मानव संसाधनको उत्पादकत्वमा पारेको नकारात्मक असरलाई कम गर्ने नीति ल्याउनुपर्छ ।

घ हालको सामान्य शिक्षा प्रणालीलाई कम जोड दिँदै प्राविधिक तथा व्यावसायिक शिक्षालाई प्राथमिकतामा राखिनु पर्दछ ।

ङ वित्तीय क्षेत्रको लामो अस्थिरताको इतिहासलाई सम्बोधन गर्नुपर्छ । उत्पादनमूलक क्षेत्रले मुलुकको अर्थतन्त्रमा ओगट्ने हिस्साको निरन्तर संकुचनलाई रोक्न औद्योगिक क्षेत्रको लागि प्रवर्द्धन गर्न व्यापक नीतिगत सुधार गर्नुपर्छ ।

च अन्तर्राष्ट्रिय पुँजी निवेश तथा वित्तसँग सम्बन्धित अध्ययनहरू (जस्तो Ease of Doing Business, Logistics Performance Indicator आदि) मा नेपालको निरन्तर कमजोर मूल्याङ्कन भएको सन्दर्भमा

त्यसमा सुधार गर्न स्पष्ट मार्गचित्र ल्याउनुपर्छ भने गैर-आवासीय नेपालीहरूको लगानी बढाउन विद्यमान समस्यालाई सम्बोधन गर्नुपर्छ ।

## ३.२ पूर्वाधारको विकास

क) पूर्वाधार विकासमा वार्षिक कुल गार्हस्थ्य उत्पादनको कम्तीमा १२% खर्च गर्नुपर्छ भन्ने मान्यता रहेको छ । यसरी उच्च लगानी गर्नुपर्ने विभिन्न कारणहरू छन् । हाल अन्य मुलुकले जस्तो अन्तरिम प्रविधिबाट नगुज्री आधुनिक प्रविधिमा सीधै जाँदा विकासको गति अरूको तुलनामा द्रुत बनाउन सकिने मौका छ भने कृषिमा आधारित अर्थतन्त्रलाई संरचनागत विविधता प्रदान गर्न पनि सडक, ऊर्जा एवम् ICT जस्ता पूर्वाधारहरूको विकास गर्नु अत्यावश्यक छ ।

ख) वैदेशिक सहयोगमा निर्माण हुने पूर्वाधार विकासका परियोजनाहरूमा निजी क्षेत्रलाई समेत वैदेशिक सहायता तथा सहकार्य गर्न दिने प्रावधान हुनु पर्दछ ।



## ३.३ औद्योगिकीकरण तथा उत्पादनमूलक उद्योगको विकासः



क) आयात प्रतिस्थापन र निर्यात वृद्धि गर्न स्वदेशी उद्योगहरूलाई प्रवर्द्धन गर्ने र यसका लागि हाल विद्यमान भइरहेको आयातलाई प्रतिष्थापन गर्ने गरी नीतिमा आमूल परिवर्तन आवश्यक छ ।

ख) सरकारी स्वामित्वमा रहेका सार्वजनिक संस्थानहरूलाई पुनःसंरचना गरी निजी क्षेत्रको मूल्य मान्यताअनुसार सञ्चालन गर्नुपर्छ ।

ग) पर्यटन क्षेत्रको पूर्वाधार विकासमा सरकारी र निजी क्षेत्रबीच समन्वय गर्नुपर्छ । साथै E-Payment, E-services, Payment Gateway, IT for Online Education जस्ता औजार प्रयोग गरी Go Digital को नीति अवलम्बन गर्नुपर्छ ।

घ) E-Governance : सरकारी निकायहरूमा E-Governance लाई उच्च प्राथमिकता साथ संघ, प्रदेश र स्थानीय तहको सरकारी कामकाजमा सूचना प्रविधिको व्यापक प्रयोग गरिनु पर्दछ ।





## सडक

क) विद्यमान Strategic Road Network (SRN) र Local Road Network (LRN) लाई गुणस्तरीय रूपले नियमित र उपयुक्त मर्मत सम्भारको व्यवस्था गर्न सडक बोर्ड नेपाल (RBN) लाई प्रभावकारी बनाउनुपर्छ ।

ख) Trans Himalayan Economic Corridors को विकास र प्रस्तावित पूर्वपश्चिम जोड्ने मध्यपहाडी र हुलाकी राजमार्ग तथा उत्तर-दक्षिण जोड्ने, आर्थिक दृष्टिले सम्भाव्य हुने पाँच राजमार्गहरूको निर्माण यथाशीघ्र सम्पन्न गर्नुपर्छ ।

ग) BRI, SASEC र BIMSTEC जस्ता आर्थिक सहयोगका क्षेत्रीय प्रयासहरूमा नेपालको सहभागितालाई अर्थपूर्ण तुल्याउँदै राष्ट्रिय हितको जगेर्ना गर्नेतर्फ पहल हुन आवश्यक देखिन्छ ।





## ऊर्जा

क) ऊर्जा क्षेत्रमा पहिचान गरिएका पश्चिम सेती, माथिल्लो तामाकोसीजस्ता ठूला र दीर्घकालीन परियोजनाहरूलाई National Mega Project को मान्यता दिने, सौर्य, वायु ऊर्जा, इथानोल आदिको सम्भावना हेरी ऊर्जा स्रोत विविधीकरण गर्ने र ती क्षेत्रमा दिइने प्रोत्साहनको उपयुक्त खाका तर्जुमा गरी कार्यान्वयन गरिनु पर्दछ ।

ख) ऊर्जाको बचतमा विभिन्न स्रोतहरू हेरी ध्यान दिनुपर्छ । किफायती लिड बल्बको अत्यधिक प्रयोग, Energy-efficient प्रविधिको अवलम्बन, उद्योगधन्दा तथा ठूला भवनहरूमा ऊर्जा अडिटिङ आदि गरेर ऊर्जाको बचत गर्नुपर्छ ।

ग) विद्युत्को उत्पादन (Production), प्रसारण (Transmission) तथा वितरण (Distribution) को संस्थागत क्षमता वृद्धि गर्न तिनको सञ्चालन गर्ने छुट्टाछुट्टै स्वतन्त्र निकायको स्थापना गर्नुपर्छ भने विद्युत् महसुल निर्धारण आयोगको प्रभावकारिता बढाउनुपर्छ ।

घ) उत्पादित बिजुलीलाई आन्तरिक खपत गरी बाँकी रहेको बिजुली निर्यात गर्न अन्तर्राष्ट्रिय सन्धि-सम्झौताहरू गरिनु पर्दछ । साथै अन्तरदेशीय प्रसारण लाइनको विस्तारमा जोड दिनु पर्दछ ।

ङ) खास गरी BBIN क्षेत्रमा विद्युत् आपूर्तिको लागि ऊर्जा बैंकको स्थापना गरिनु पर्दछ जसले नेपालबाट उत्पादित ऊर्जाको भरपर्दो, नियमित र दिगो आपूर्ति हुन सक्दछ । नेपालमा उत्पादित बिजुलीलाई भारतको ट्रान्समिसन लाइन प्रयोग गरी निर्यात गर्नका लागि उच्चस्तरीय सहमति गरी व्यावसायिक र प्रवर्द्धन गर्न Power Wheeling गर्ने काम हुनु पर्दछ ।

च) समयमै जलविद्युत् आयोजना निर्माण सम्पन्न गरी ग्रिडमा बिजुली जोड्ने उत्पादकलाई सरकारले प्रोत्साहन दिने व्यवस्था तथा विगतमा सरकारले गरेका अन्य प्रतिबद्धताहरूको प्रभावकारी कार्यान्वयन गर्नु पर्दछ ।





## विमानस्थल

क) भैरहवामा निर्माणाधीन अन्तर्राष्ट्रिय विमानस्थललाई National Mega Project को रूपमा आगामी २ वर्षभित्र निर्माण सम्पन्न गरिनुपर्दछ ।

ख) पोखराको अन्तर्राष्ट्रिय विमानस्थल आगामी ३ वर्षभित्र निर्माण सम्पन्न गरिसक्नु पर्दछ ।

ग) विद्यमान आन्तरिक र अन्तर्राष्ट्रिय विमानस्थलको सुदृढीकरण तथा स्तरोन्नति गरिनुपर्दछ । सम्भव भएसम्म विमानस्थल सार्वजनिक-निजी साझेदारीको अवधारणामा निर्माण तथा सञ्चालन गरिनुपर्दछ ।

घ) अन्तर्राष्ट्रिय विमानस्थलको छवि (Image) बढाउन विमानस्थलमा उल्लेख्य सुधार, शुद्धीकरण, स्तरोन्नति, सुरक्षा सतर्कता, Safety, व्यवस्थापन तथा ठूला तथा सु-परिचित Airline सँग रणनैतिक साझेदारी सहित सहकार्य जरूरी छ ।

ङ) उच्च प्राथमिकतासहित निजगढमा प्रस्तावित अन्तर्राष्ट्रिय विमानस्थललाई ४/५ वर्षमा पूरा गर्ने गरी योजना कार्यान्वयनमा ल्याइनु पर्दछ ।

## सहरीकरण, खानेपानी तथा ढल व्यवस्थापनः

*सहरी विकासमा आधारित आर्थिक वृद्धि (City Based Growth) गर्दै सहरहरूलाई Smart र मुलुकको रोजगारीको केन्द्र बनाउनुपर्छ । सहरी यातायातलाई व्यवस्थापन गर्ने, सहरहरूको फोहोरमैला व्यवस्थापन, खानेपानीमा पहुँच बढाउने र सबै नेपालीलाई गुणस्तरीय एवम् शुद्ध पानीको उपलब्धताको प्रत्याभूति गरिनु पर्दछ ।*







## वन तथा वातावरण संरक्षण र व्यवस्थापन

क) वनसम्पदा र जैविक विविधताको संरक्षण र संवर्द्धनलाई प्रोत्साहित गर्दै विकास/वातावरण बीच परस्परमा सन्तुलन ल्याउने गरी नीति तथा कानुनमा आवश्यक परिमार्जन गर्नुपर्छ ।

ख) पूर्वाधार विकास, औद्योगिक विकास र वनसम्पदा संरक्षणबीच सहज एवम् मैत्रीपूर्ण सन्तुलन कायम गर्न Land for Land को प्रावधानलाई Cash for Land को अवधारणा सहित त्यसरी संकलन हुने राजस्वको परिचालनका लागि व्यावसायिक वृक्षारोपण समेतका कार्य गर्न एउटा स्वतन्त्र निकायको स्थापना गरिनु पर्दछ ।

## राष्ट्रिय गौरवका आयोजना र राष्ट्रिय ठूला परियोजना

पूर्वाधार, ऊर्जा, यातायात, खानेपानी र सहरीकरणसँग सम्बन्धित राष्ट्रिय प्राथमिकता प्राप्त ठूला परियोजनाहरूलाई प्राथमिकताको घेराभित्र पारी समयमै पूरा गर्न आवधिक र प्रभावकारी समीक्षा गर्ने, ती समीक्षा र त्यहाँबाट सिर्जित नीति तथा कार्यक्रमहरू सार्वजनिक गर्ने र वर्तमानमा **NPC / NDAC** बैठकले गर्ने गरेका यस्ता आयोजनालाई अर्को छुट्टै संयन्त्र बनाई ***'फास्ट ट्र्याक'*** मा राखेर समीक्षा गर्नुपर्दछ ।



## लगानीका लागि वित्तीय औजार

क) पूर्वाधार, उत्पादन, तथा औद्योगिक क्षेत्रको विकासका लागि Infrastructure Fund, Private Equity Fund, Green Investment Fund/Global Climate Fund, Local Currency Bonds, Blended Finance, Hedging Fund, Government Guarantee, Viability Gap Funding (VGF) Venture capital आदि जस्ता नयाँ वित्तीय औजारहरूको पहिचान र परिचालन गर्न विद्यमान कानुन र नियमावलीमा अविलम्ब सुधार गरिनु पर्दछ ।

ख) चिनियाँ तथा भारतीय बैंकहरू लगानीको नयाँ वित्तीय स्रोतका रूपमा आउँदै गरेको वर्तमान स्थितिमा तिनीहरूसँग सम्बन्ध विस्तार गर्न स्थानीय वित्तीय संस्थाहरूलाई सहज हुने स्थिति निर्माण गर्नुपर्छ ।



## स्वास्थ्य सेवा





क) सरकारी अस्पताल तथा स्वास्थ्य सेवा केन्द्रहरूको गुणस्तर तत्काल सुधार गरिनु पर्दछ ।

ख) अन्तर्राष्ट्रिय स्तरको स्वास्थ्य सेवा, स्वास्थ्य शिक्षा र अन्तर्राष्ट्रिय गुणस्तरको औषधिको उत्पादनलाई मुलुकमै प्रवर्द्धन गर्दै सुलभ र गुणस्तरीय स्वास्थ्य सेवालाई सर्वसाधारणको पहुँच पुग्ने गरी नीति परिमार्जन गर्नुपर्छ ।

ग) सर्वसाधारणको हितका लागि स्वास्थ्य बिमालाई व्यापक बनाउने नीति अवलम्बन गरिनु पर्दछ ।



## *अनुसन्धान केन्द्रहरू*

क) सातवटै प्रदेशमा उनीहरूको सामर्थ्य अनुरूपको *Industrial Excellence Centre* को स्थापना गरिनुपर्दछ । केन्द्रीय तहमा औद्योगिक क्षेत्रको उत्पादकत्व, सञ्चालन दक्षता र दिगो विकासका लागि अध्ययन अनुसन्धान (*R&D*) मार्फत नयाँ उत्पादन, सञ्चालन प्रविधि र उत्पादन प्रारूपको विकास गर्ने उद्देश्यले यसअघि परिसंघले प्रस्ताव गरेको *National Centre for Industrial Excellence* (*CIE*) को स्थापना गरिनु पर्दछ ।

ख) विश्वविद्यालय र थिंक ट्यांकहरूलाई उत्कृष्ट बन्न प्रोत्साहन गरिनुपर्छ र त्यस्ता संस्थाहरूलाई सरकारी सहयोग उपलब्ध हुने व्यवस्था लागू गरिनु पर्दछ ।



## *नीति समीक्षा*

अन्तर्राष्ट्रिय सन्धि सम्झौतासँग प्रतिकूल तथा उद्योग स्थापना र सञ्चालन, लगानी वृद्धि तथा समृद्धि अनुकूल नरहेका ऐन-कानुनको पहिचान गरी सुधार गरिनुपर्ने स्थिति छ भने सार्वजनिक-निजी साझेदारी ऐन तत्काल बनाई लागू गर्न आवश्यक छ ।





### ३.१४ औद्योगिक क्षेत्रको स्थापना तथा विकास

क) औद्योगिकीकरणको विस्तार गर्न विशेष आर्थिक क्षेत्र (*SEZ*), औद्योगिक पार्क (*Industrial Park*) र विशिष्ट औद्योगिक क्षेत्र (*Industrial Estate/ Industrial Cluster*) आदिको लागि जग्गाको व्यवस्था गरी तिनीहरूको स्थापना र सञ्चालनमा स्थानीय निकायहरूलाई अधिकार दिई उनीहरूले एकापसमा औद्योगिकीकरणमा प्रतिस्पर्धा गर्ने वातावरण बनाउनुपर्छ ।

ख) उद्योग स्थापनाका लागि भूमि किन्न वा लिजमा लिनका लागि भूमि बैंकको अवधारणालाई कार्यान्वयन गरिनुपर्दछ ।

ग) श्रम ऐनको प्रावधानअनुसार वर्षमा न्यूनतम १० महिना नियमितरूपमा काम दिई रोजगारी सिर्जना गर्ने उद्योगहरूलाई प्रोत्साहन दिइनुपर्दछ । नाफा पुनर्लगानी गर्ने उद्योगहरूलाई रोजगारी सिर्जना गरेबापत नाफामा लाग्ने कर छुट र उद्योगहरूलाई अनुसन्धान तथा विकास (*R&D*) गरी नयाँ प्रविधिको विकास गर्न तथा नयाँ प्रविधि भित्र्याउन प्रोत्साहन दिनुपर्छ ।







### ३.१५ लगानी तथा विकासको दशक

आगामी दशकलाई लगानी तथा विकासको



दशक (*Investment and Development Decade*) घोषणा गरी लगानीकर्ताहरूको समेत संलग्नतामा लगानी आकर्षण गर्नका लागि देखिएका अवरोधलाई हटाउन कार्ययोजना तयार गरी कार्यान्वयन गरिनुपर्दछ ।





क) नेपालले तयार गरेको *Tourism Vision 2020* अनुसार प्रतिवर्ष २० लाख पर्यटक भित्र्याउने र १० लाखलाई रोजगारी दिने लक्ष्य रहेको छ । यस लक्ष्यको प्राप्ति गर्न तथा पर्यटन क्षेत्रको सम्भावनालाई परिणाममा रूपान्तरण गर्न अन्तर्राष्ट्रिय विमानस्थलको स्तरोन्नति, राष्ट्रिय ध्वजावाहकको क्षमता अभिवृद्धि, पर्यटन तथा साहसिक पर्यटनका लागि आवश्यक पूर्वाधारहरूको विकास, धार्मिक पर्यटनको प्रवर्द्धन, होमस्टेजस्ता सामाजिक पर्यटनका नयाँ औजारहरूको प्रवर्द्धन र नयाँ पर्यटकीय स्थलहरूको पहिचान गरिनु आवश्यक छ ।

ख) राष्ट्रिय ध्वजावाहक नेपाल वायुसेवा निगमको स्तरोन्नतिको लागि अन्तर्राष्ट्रिय ख्याति प्राप्त संस्थालाई *Stragtegic Partner* बनाई यसको गुणस्तर र क्षमता वृद्धि गर्न र विभिन्न मुलुकमा हवाईसेवा विस्तार गर्ने नीतिगत व्यवस्था लागू गरिनु पर्दछ ।

## *सूचना प्रविधि तथा IT enabled Services*



क) सूचना प्रविधिसँग सम्बन्धित प्राविधिक क्षमता विस्तारका लागि प्राविधिक शिक्षालयहरूमा व्यापक लगानी गर्न आवश्यक छ । इन्टरनेटको क्षमता वृद्धि गरी यसको पहुँचलाई व्यापक बनाइनुपर्दछ । भविष्यमा निर्माण हुन सक्ने नेपाली *Smart Cities* हरूको आधारका लागि तथ्याङ्क संकलन, प्रशोधन तथा संग्रह र यस्को पुनः प्रयोग (*Big data*) को अवधारणालाई अविलम्ब मूर्तरूप दिइनु पर्दछ । नेपालका तीनवटै तहका सरकारको कामलाई *Digitize* गरिनुपर्दछ ।

ख) अन्तर्राष्ट्रिय स्तरमा सफल *IT Companies* लाई उपयुक्त वातावरण उपलब्ध गराई उनीहरूको उत्पादन, सेवा वा *R&D* सेन्टर स्थापना गर्न उच्चस्तरीय पहल गरी न्यूनतम एउटा कम्पनीको सेवा आरम्भ गराउने पहल गरिनुपर्दछ ।

ग) नेपालमा अन्तर्राष्ट्रियस्तरका *Data Center* हरू सञ्चालन गर्न पहल गरिनुपर्दछ ।



## ३.१८ कृषि क्षेत्रको विकास

क) किसानहरूलाई समय-समयमा घोषणा गरिएका अनुदान दिने, पानी, बिउ, मलजस्ता कृषि उत्पादनमा जरूरी हुने सामग्रीको उचित व्यवस्था र कृषिको व्यवसायीकरण गर्नेतर्फ सरकारको ध्यान जानुपर्छ । राष्ट्रिय गौरवका आयोजनामा परेका सिक्टा, बबई, रानीजमरा गुलरिया र भेरी बबई जस्ता सिँचाइ योजना बिना विलम्ब सम्पन्न गरिनुपर्छ ।

ख) देशमा रासायिनक मलको कारखाना नभएको परिप्रेक्ष्य र मलको आयातमा ५०% अनुदान दिंदासमेत मल अभाव हुने गरेको अवस्था विद्यमान छ । विश्वको बदलिंदो उपभोक्ता रूचि अनुसार नेपालका विभिन्न सम्भावना योग्य क्षेत्रहरूलाई *Bio-Conservation Area* को रूपमा अगाडि बढाई प्रचुर मात्रामा उत्पादन गर्न सकिने जैविक मलको व्यापक प्रयोग तथा विषादीको प्रयोग निषेध गर्दै नेपाललाई अर्गानिक कृषि प्रवर्द्धन (*Organic Farming*) गर्ने देशको रूपमा अगाडि बढाइनु पर्दछ ।






## ३.१९ अन्तर प्रदेश समन्वय

प्रदेश-प्रदेशबीच स्थान्तरण, आर्थिक विकास एवम् लगानीका लागि प्रतिस्पर्धा गर्ने वातावरण तयार गर्नुपर्दछ। राज्य पुनःसंरचनासँगै प्रादेशिक योजना निर्माण र प्राकृतिक स्रोतको द्वन्द्वरहित बाँडफाँड तथा सदुपयोग हुनुपर्दछ । स्थानीय तथा प्रदेश सरकारलाई स्रोतसम्पन्न बनाउन हालको करको संरचनामा वृद्धि नगरी नयाँ आर्थिक गतिविधिहरूको अवसर सिर्जना गरिनुपर्दछ ।

## ३.२० बैंकिङ तथा पुँजी बजार

क) अन्तर्राष्ट्रिय स्तरको पूँजी बजारको संरचना निर्माण गर्न हालको नेप्सेलाई निजीकरण गरिनुपर्दछ । पुँजी बजारमा वैदेशिक लगानी भित्र्याउनुपर्छ । अन्तर बैंकिङ कारोबारलाई सरल, सुलभ र सस्तो बनाई *electronic payment* प्रणालीको विकास गरिनुपर्दछ ।

ख) नेपालमा स्थापित कम्पनीहरूलाई अन्तराष्ट्रिय पुँजी बजारमा *Listing* गरी अन्तर्राष्ट्रिय पुँजी परिचालन गर्न अनुमति दिनु पर्दछ ।

## ३.२१ व्यापार घाटा

क) नेपालको बढ्दो व्यापार घाटा कम गर्नका लागि हाल भइरहेको खुल्ला आयात नीतिलाई परिमार्जन गरी स्वदेशी उत्पादनलाई प्रोत्साहन र आयातलाई *Regulate* गर्ने गरी हालको नीति परिमार्जन गरिनुपर्दछ ।

ख) क्वारेन्टाइन, खाद्य परीक्षण र गुणस्तर परीक्षणसँग सम्बन्धित गैर-भन्सार अवरोधले निर्यात प्रभावित हुने गरेकोले यी समस्याहरू समाधान गर्न पहल गर्नुपर्छ । साथै वाणिज्य नीतिको फितलो कार्यान्वयनमा सुधार गरी छुट्टै पारवहन नीति ल्याउनुपर्दछ ।

ग) निर्यातयोग्य वस्तुको उत्पादन, तिनको परिमाण र गुणस्तरको पर्याप्तता एवम् उत्पादन लागत र पारवहन खर्च (*Delivery Cost*) को न्यूनता कायम गर्न सरकारी सहयोग र सक्रिय सहभागिता हुनु जरूरी छ ।

घ) भारतसँग भइरहेको द्विपक्षीय व्यापार र भारत हुँदै तेस्रो मुलुकसँग हुने पारवहन व्यापारमा आधुनिक सूचना प्रविधिको प्रयोगका साथै बहुपक्षीय स्तरमा भएका सम्झौताका प्रावधान लागू गरी व्यापार लागत कम गर्नुपर्दछ ।

ङ) चीनसँगको व्यापार घाटा कम गर्दै द्विपक्षीय व्यापार बढाउनका लागि विशेष पहल गर्न आवश्यक देखिन्छ । साथै नेपाली उत्पादनहरूलाई अन्तर्राष्ट्रिय मेलामा सहभागिता, वस्तु प्रवर्द्धन र गुणस्तर वृद्धिमा सहयोग गर्ने जस्ता कार्यक्रम ल्याइनु पर्दछ । मुलुकभित्र नेपाली वस्तु र सेवा प्रवर्द्धनका लागि काठमाडौंमा अन्तर्राष्ट्रिय स्तरको प्रदर्शनी स्थलको शीघ्र निर्माण गरिनुपर्दछ ।

च) भारत सरकारसँग सम्पन्न भएका वाणिज्य सन्धि र पारवहन सम्झौताका कतिपय प्रावधान असान्दर्भिक हुँदै गएको विषयलाई मनन् गरी सम्झौताको पुनरावलोकन गरी कामयावी र प्रभावकारी बनाउन आवश्यक पहल गरिनु पर्दछ ।

# ४ समृद्धिका लागि सुशासन

## ४.१ कानुनमा सुधार

क) उद्योग व्यवसाय दर्ता र सञ्चालन गर्ने प्रक्रियाको सरलीकरण, प्रक्रिया पुगेका लगानीलाई स्वतः स्वीकृतिसम्मको व्यवस्था गरिनुपर्दछ । राज्यबाट प्राप्त हुने अन्य सेवा छिटो छरितो किसिमले प्राप्त गर्न औद्योगिक व्यवसाय ऐन, वैदेशिक लगानी ऐन तथा नियमावलीमा आवश्यक सुधार गरिनुपर्दछ । प्रदेश र स्थानीय तहमा उद्योग व्यवसायको दर्ता एकै दिनभित्र गर्ने व्यवस्था हुनुपर्दछ ।

ख) उद्यमी, व्यवसायी वा करदाताबाट भूलवश भएका त्रुटिहरूका लागि थुनछेक गर्ने, तारिखमा अल्झाउने र मानसिक रूपले हतोत्साह पार्ने कार्य गलत हुन् । यसलाई रोक्न विद्यमान ऐन कानुन पहिचान गरी तिनमा सुधार गरिनुपर्दछ ।

## ४.२ राजनीतिक नेतृत्वले गर्नुपर्ने काम



परिसंघ शासनका सन्दर्भमा राजनीतिक नेतृत्वले नवनिर्वाचित नेतृत्वलाई सत्ता सञ्चालनका लागि तालिम दिनुपर्ने देख्छ । निर्वाचित नेतृत्वले लोकतान्त्रिक आचरण र स्व-अनुशासनको पालना गर्ने, विज्ञ सल्लाहकार नियुक्ति गर्ने, नीतिको निरन्तरताको लागि बल गर्ने, विधिको शासन स्थापना गर्ने, दण्डहीनताको अन्त्य गर्ने, कर्मचारी सरूवा व्यवस्थित गर्ने, सार्वजनिक संस्थान तथा निकायमा अनुभवी व्यक्तिको नियुक्ति गर्ने परिपाटीको पालना गर्नुपर्दछ । साथै बिचौलिया माथि नियन्त्रण गर्ने, विकास निर्माण आयोजनामा हस्तक्षेपको अन्त्य गर्ने, राष्ट्रिय गौरवका आयोजना व्यवस्थापन सुधार गर्ने, राज्यको तलब खाएर राजनीति गर्न रोक लगाउने, निजामती प्रशासन, सुरक्षा निकाय र शैक्षिक संस्थाको चरम राजनीतीकरण अन्त्य गर्ने जस्ता कार्यहरू गर्नुपर्नेमा परिसंघ जोड दिन्छ ।

### ४.३ सरकारी बिदामा कटौती

**बिदा**

सरकारी बिदामा कटौती गरी वर्षभरिमा सार्वजनिक बिदा १५ (पन्ध्र) दिन तथा पर्व बिदा ३० (तीस) दिन मात्र हुने व्यवस्था गरिनुपर्दछ । यसो गर्दा राष्ट्रिय अर्थतन्त्रमा तत्काल सकारात्मक असर देखा पर्ने हाम्रो विश्वास छ ।





## ६ सुरक्षा तथा कूटनीतिको दृष्टिकोणले ध्यान दिनुपर्ने कुराहरू

चीन र भारत दक्षिण एसियामै रणनीतिकरूपमा अगाडि बढिरहेको वर्तमान परिस्थितिमा उनीहरूसँगको सम्बन्ध सन्तुलित

विकृतिलाई परास्त गर्न आपसी सहयोग जारी राख्नुपर्छ । चीन र भारतसँगको सम्बन्ध प्रगाढ बनाउन उच्चस्तरीय वार्ताहरू गर्ने, सुरक्षा

पार्दै अन्तर्राष्ट्रिय आतंकवाद, राष्ट्रिय विखण्डनवाद र अन्य अपराधहरू नियन्त्रण गर्नु आगामी केही वर्षको लागि हाम्रो मुख्य सुरक्षा चुनौती हुनेछ । यस परिप्रेक्ष्यमा छिमेकी मुलुकहरूसँगको सम्बन्धलाई अझै प्रगाढ र पारस्परिक विश्वासमा आधारित बनाउँदै आतंकवाद र राष्ट्रिय विखण्डनवाद जस्ता निकायहरूलाई सूचना प्रविधिका साधनसहित अझै मजबुत बनाउने, छिमेकी मुलुकहरूसँग अपराधलगायतका सुरक्षासम्बन्धी डाटाबेसहरू आदान-प्रदान गर्ने, राष्ट्रिय सुरक्षा नीति समयानुकूल परिमार्जन गर्ने र उच्चस्तरीय परराष्ट्रनीति पुनरावलोकन कार्यदलको प्रतिवेदनको प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ।



२

# आर्थिक समृद्धिको लागि आवश्यक कानुनी सुधार






यस खण्डमा समावेश भएका कानुनहरूमा गर्नुपर्ने सुधारसम्बन्धी विषय परिसंघको संस्थागत अवधारणा हो ।
यस अवधारणा निर्माणमा परिसंघ प्रबुद्ध परिषद्को संलग्नता छैन ।







- १००० भन्दा बढी प्रकारका रोगहरूको उपचार खर्च समेटिएको
- नेपाल र भारतका गरी ६००० भन्दा बढी अस्पतालहरूमा नगद रहित उपचार सुविधा
- नगद रहित उपचार, बिना झन्झट शतप्रतिशत भुक्तानी र सजिलै दावी
- रू. २ लाख देखि रू. २० लाखसम्मको आफ्नो तथा आफ्नो परिवारको स्वास्थ्य बीमा

थप जानकारीका लागी नजिकैको शिखर इन्स्योरेन्स कम्पनीका शाखाहरुमा सम्पर्क गर्नुहोस | Hotline No.: 16600144441

Shikhar Insurance
Happysurance

Shikhar Biz Center, Thapathali, Kathmandu
Ph: 4246101, 4246102, 9851087081, 9801187081 | Fax: 4246103 | Email: health@shikharinsurance.com | Facebook: www.facebook.com/shikharinsurance







### खारेज गर्नुपर्ने ऐनहरू

१- विदेशमा लगानी गर्न प्रतिबन्ध लगाउने ऐन, २०२१
२- कालोबजार तथा केही अन्य सामाजिक अपराध तथा सजाय ऐन, २०३२
३- निकासी पैठारी (नियन्त्रण) ऐन, २०१३
४- आवश्यक वस्तु संरक्षण ऐन, २०१२
५- आवश्यक पदार्थ नियन्त्रण (अधिकार) ऐन, २०१७
६- मदिरा ऐन, २०१७

### साबिकका ऐनहरूमा व्यापक सुधार गर्नुपर्ने वा खारेज गरी नयाँ निर्माण गर्नुपर्ने

१- बोनस ऐन, २०३०
२- पेटेन्ट डिजाइन र ट्रेडमार्क ऐन, २०२२
३- नेपाल एजेन्सी ऐन, २०१४
४- औषधि ऐन, २०३५
५- राजस्व न्यायाधिकरण ऐन, २०३१
६- सार्वजनिक खरिद ऐन, २०६३

### नयाँ निर्माण गर्नुपर्ने कानुनहरू

१- एन्टी डम्पिङ कानुन
२- क्षतिपूर्ति कानुन
३- सार्वजनिक-निजी साझेदारी कानुन
४- करार कानुन

## विद्यमान ऐनमा गरिनुपर्ने सुधार (तीन महले खण्ड)

१- उपभोक्ता संरक्षण ऐन, २०५४
२- औद्योगिक व्यवसाय ऐन, २०७३
३- भूमिसम्बन्धी ऐन, २०२१
४- अन्तःशुल्क ऐन, २०५८
५- खाद्य ऐन, २०२३
६- बैंकिङ कसुर तथा सजाय ऐन, २०६४
७- बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८
८- भन्सार ऐन, २०६४
९- मूल्य अभिवृद्धि ऐन, २०५२
१०- सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ) निवारण ऐन, २०६४
११- जग्गा प्राप्ति ऐन, २०३४
१२- आयकर ऐन, २०५८
१३- कम्पनी ऐन, २०६३
१४- श्रम ऐन, २०७४
१५- पूर्वाधार संरचनाको निर्माण तथा सञ्चालनमा निजी लगानीसम्बन्धी ऐन, २०६३
१६- प्रतिस्पर्धा प्रवर्द्धन तथा बजार संरक्षण ऐन, २०६३
१७- दाना पदार्थ ऐन, २०३३
१८- लगानी बोर्ड ऐन, २०६८
१९- औद्योगिक व्यवसाय विकास प्रतिष्ठान ऐन, २०५३
२०- राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२
२१- वातावरण संरक्षण नियमावली, २०५४







# आर्थिक समृद्धिको लागि प्रतिकूल देखिएका केही ऐन कानुनमा गर्नुपर्ने संशोधनका सन्दर्भमा नेपाल उद्योग परिसंघको सुझाव

*मुलुकको शासन व्यवस्थाको पुनःसंरचनासँगै राष्ट्रिय राजनीति स्थिरतातर्फ उन्मुख भएको सन्दर्भमा अबको उद्देश्य द्रुत आर्थिक विकास नै हो । देशले २०४८ सालदेखि निरन्तर विश्वव्यापीकरण, उदारीकरण र खुलाबजारमा आधारित आर्थिक नीति अवलम्बन गरेको यथार्थतामा औद्योगिक र आर्थिक विकासको सम्बाहकका रूपमा रहेको निजी क्षेत्रको विकास गर्नुको विकल्प छैन । यही पृष्ठभूमिलाई मनन् गर्दै औद्योगिक लगानी वृद्धि, कुल गार्हस्थ उत्पादन वृद्धि, रोजगारी सिर्जना, वैदेशिक व्यापार र राजस्वमा निजी क्षेत्रले पुऱ्याउन सक्ने योगदानको आधारमा नेपालको आर्थिक विकासको मूल इन्जिन निजी क्षेत्र नै हो भन्ने तथ्य स्वयम् नेपाल सरकार र नेपाली समाजले समेत स्वीकारेको छ ।*

नेपालले करिब ४० वर्ष अगाडि IMF र World Bank सँगको Structural Adjustment Program, करिब २५ वर्ष अगाडी IMF सँग गरेको Enhanced Structural Adjustment Facility Loan Program अन्तर्गत भएको सम्झौता, Washington Convention र साथै करिब १४ वर्ष अगाडि WTO को सदस्यता प्राप्त गरी आर्थिक उदारीकरण र बजारमुखी अर्थतन्त्रको अवधारणामा प्रतिबद्ध भई पटकपटक सहमति जनाउँदै आएको छ ।

औद्योगिक विकासको आधारभूत स्तम्भ अर्थात् विश्वव्यापीकरण, उदारीकरण र निजीकरण हुन् । उक्त कुरा छिमेकी मुलुकहरू भारत, चीन तथा अन्य विकसित मुलुकहरूले हासिल गरेको आर्थिक समृद्धि



एवम् ती मुलुकहरूमा अधिकतम रोजगारी निजी क्षेत्रद्वारा सिर्जना भएकोबाट प्रमाणित भइसकेको छ । संयुक्त राष्ट्र संघले २०१६ मा घोषणा गरेको दिगो विकास लक्ष कार्यक्रमलाई कार्यान्वयन गर्न औद्योगिक वातावरण निर्माण गर्नु अपरिहार्य छ ।

नेपालमा औद्योगिक विकासको लागि विभिन्न

विभिन्न कालखण्डमा जारी भएको नेपालको संविधानहरूमा निजी क्षेत्रको माध्यमबाट आर्थिक समृद्धि हासिल गर्ने उद्देश्यलाई अंगीकार गरिएको र नागरिकको मौलिक हकअन्तर्गत सम्पत्ति आर्जन गर्ने र रोजगार, व्यवसाय गर्ने स्वतन्त्रताको प्रत्याभूत गरिएको, सबैजसो राजनीतिक दलको घोषणापत्रमा समेत यसलाई प्रमुख मुद्दाको रूपमा उठाइएको

समयमा औद्योगिक नीतिहरू निर्माण हुँदै आएको र नीति कार्यान्वयनको सन्दर्भमा औद्योगिक व्यवसाय ऐन २०३८, औद्योगिक व्यवसाय ऐन २०४९, औद्योगिक विकासको प्रमुख आधार-स्तम्भ **असल श्रम सम्बन्ध** विकासको लागि साबिकको कारखाना तथा कारखानामा काम गर्ने मजदुरसम्बन्धी ऐन २०१६ लाई प्रतिस्थापन गर्दै श्रम ऐन २०४८ र साथै ट्रेड युनियन ऐन, २०४९ जारी भएको थियो । ती कानुनहरूमा समयसापेक्ष सुधार गरी व्यावसायिक वातावरण निर्माण गर्न पुनः नयाँ औद्योगिक व्यवसाय ऐन, २०७३ र नयाँ श्रम ऐन, २०७४ जारी भएको छ । तर अन्य कानुनहरूको निर्माण वा भइरहेका व्यावसायिक वातावरण प्रतिकूलका कानुनहरूको खारेजी/संशोधन नभएकोले औद्योगिक वातावरण सिर्जना गर्ने अभियान अपूरो अवस्थामा छ भने औद्योगिक व्यवसाय ऐनमा सुविधा दिने किटान भए पनि अर्थ मन्त्रालयले आर्थिक ऐनलाई मात्र चिन्ने भन्ने भएबाट उपलब्ध सुविधा पनि प्रयोग गर्नबाट उद्योगी व्यवसायी बञ्चित हुनुपर्ने यथार्थता छ ।

विगतका सरकारले पटकपटक अन्तर्राष्ट्रिय स्तरमा प्रतिबद्धता जनाएको भएता पनि प्रतिबद्धता अनुरूप वस्तु वा सेवाको मूल्य तोक्ने प्रथा अन्त्य गर्दै बजारमा आधारित मूल्य प्रणाली लागू गर्ने, वैदेशिक व्यापार खुला गर्ने, वैदेशिक लगानी बढाउने, करका दरहरूमा कटौती गर्ने, भन्सार दरमा कटौती गर्ने जस्ता आर्थिक उदारीकरण एवम् बजारमुखी अर्थतन्त्रका सिद्धान्तहरू लागू गर्ने कानुनको अभाव र दसकौं अगाडि भिन्न परिवेशमा बनेका उपर्युक्त सिद्धान्त प्रतिकूलका कानुनहरू हालसम्म विद्यमान रहिरहेको हुँदा अपेक्षित रूपमा कार्यान्वयन हुन सकेको छैन ।

पाइन्छ । तर पनि उद्देश्य हासिल गर्नको लागि नयाँ कानुन निर्माण गर्ने र प्रतिकूल कानुनको संशोधन/खारेजी गर्ने कार्यमा सरकार, संसद् तथा राजनीतिक दलहरूको सक्रियता एवम् ऐक्यबद्धताको कमीले गर्दा सरकारद्वारा नियन्त्रित अर्थ व्यवस्था लागू रहेको समयमा वा पञ्चायतकालमा जारी भएका र २०४६ सालपछि तत्कालीन परिस्थितिलाई मध्यनजर गरी बनेको भएता पनि हालको सन्दर्भमा उद्योग व्यवसाय विकासको बाधकको रूपमा रहेका कतिपय कानुनहरू अद्यापि प्रचलनमा रहिरहेको कारणबाट नेपालको औद्योगिक/आर्थिक विकासमा वाधा पुगेकोले उद्योग व्यवसायमैत्री कानुन निर्माण गर्ने र बाधकको रूपमा रहेका कानुनहरू संशोधन/खारेज गर्नको लागि परिसंघले विभिन्न फोरममार्फत आवाज उठाउनुका साथसाथै राजनीतिक दल, सरकार प्रमुख तथा सम्बद्ध मन्त्रालयका मन्त्रीज्यूहरूमा ध्यानाकर्षण गराउँदै आएको व्यहोरा स्मरणार्थ अनुरोध गर्दछौं ।

मुलुकको आर्थिक, औद्योगिक एवम् निजी क्षेत्रको व्यावसायिक विकासका लागि अनुकूल तथा समय सापेक्ष नभएका, कानुन कार्यान्वयन गर्ने अधिकारीको तजबिजी अधिकारलाई प्रश्रय दिने र प्रशासनिक जटिलता उत्पन्न गर्ने, एकै विषयमा एकभन्दा बढी कानुनद्वारा कारबाही, अनुसन्धान गर्ने व्यवस्था र भिन्नभिन्न सजायको व्यवस्था र कानुनपिच्छे अलग अलग निकायको क्षेत्राधिकार रहने व्यवस्था रहेको हाल विद्यमान विभिन्न कानुनहरूको कारणबाट उद्योगी व्यवसायी निरूत्साहित छन् । तसर्थ त्यस्ता कानुनहरू तत्काल संशोधन, परिमार्जन र खारेज गरिनुपर्ने र साथै केही उद्योग व्यवसायी मैत्री कानुनहरू तत्काल निर्माण हुनुपर्ने आवश्यकता छ ।



कसुरदारलाई कसुरको प्रकृति र मात्राअनुसार दण्ड गरिनुपर्दछ भन्ने कुरामा परिसंघ विश्वास राख्दछ । तर हाल विद्यमान कतिपय कानुनहरूमा

व्यावसायीक वातावरण प्रतिकूलका अमूर्त, अस्पष्ट, विरोधाभाषपूर्ण र अप्रासाङ्गिक ऐन तथा ती ऐन अन्तर्गतका नियमहरु तत्काल संशोधन, परिमार्जन

दण्डका सर्वमान्य सिद्धान्त (Retributive Penology, Principle of Proportional Justice) विपरीत जरिबानाको सजाय नै पर्याप्त हुने खालका आर्थिक/व्यावसायिक कसुरमा समेत कैद गर्ने, त्यस्तै नियतवश गरिएको कार्य र भुलबस गरिएको कार्यबीच भिन्नता छुट्याउने व्यवस्था नभई एकै कोटीमा राखी दण्ड सजाय गर्ने, त्यसै गरी उद्योग व्यावसायको सिलसिलामा हुन गएका सामान्य र मानवीय त्रुटिहरूलाई पनि फौजदारी कसुरमा परिभाषित गरी कैदकै सजाय हुने व्यवस्था रहेका छन् । जसले गर्दा एकातिर कसुर र दण्ड सजायबीच सन्तुलन देखिँदैन भने अर्कोतिर कैद व्यवस्थाकै आडमा अनुसन्धानकर्ताले उद्योगी व्यवसायीलाई पक्राउ गर्ने, प्रारम्भिक अनुसन्धान नहुँदै थुनामा रहनुपर्ने, इज्जत प्रतिष्ठामा आँच पुग्ने र अन्ततः व्यवसाय नै बन्द हुन जाने जस्ता कानुनी व्यवस्थाबाट औद्योगिक वातावरणमा प्रतिकूल असर परेको हुँदा त्यस्तो कानुनहरू संशोधन/खारेज हुनु पर्ने आवश्यकता छ ।

साथै संविधानबमोजिम प्रदेश र स्थानीय तहले आ-आफ्नो काम प्रारम्भ गरिसकेको र साथै आ-आफ्नो अधिकारअन्तर्गत कानुन निर्माण र कार्यान्वयन सुरू गरिसकेको सन्दर्भमा समेत व्यावसायीक वातावरण प्रतिकूलका अमूर्त, अस्पष्ट, विरोधाभाषपूर्ण र अप्रासाङ्गिक कानुनहरूको तत्काल संशोधन/खारेज गरी व्यावसायीक वातावरण निर्माणको लागि न्यायोचित र स्पष्ट कानुनी व्यवस्था गर्न ढिलाइ गर्न नहुने परिसंघको सुझाव छ ।

निजी क्षेत्रको माग उत्पादनशील ढंगले अर्थतन्त्रमा सक्रिय गराउन विधिको शासन (Rule of Law), प्रभावकारी सुशासन (Effective Good Governance) र नीतिगत स्थिरता (Policy Consistency) हो । उपरोक्त तीनवटा माग पूरा गर्नका लागि हाल देशमा विद्यमान रहेका ऐन कानुनमा भएका वा खारेज गर्नको लागि तथा लगानीको वातावरण सिर्जना गर्नको लागि तत्काल निर्माण हुनुपर्ने नयाँ कानुनहरूको सम्बन्धमा निम्नलिखित राय सुझाव पेस गरेका छौं ।

### *प्रस्तुत सुझाव निम्नलिखित उद्देश्यहरुमा केन्द्रित छ :*

१. आर्थिक उदारीकरण र खुला बजार अर्थ व्यवस्थाको सिद्धान्त प्रतिकूलको व्यवस्था हटाउने ।

२. एकै विषयमा एकभन्दा बढी कानुनहरूमा गरिएको व्यवस्थालाई हटाउने ।

३. कारबाही, दण्ड सजाय र क्षेत्राधिकार सम्बन्धित विषयगत कानुनको व्यवस्थाबमोजिम हुनुपर्ने ।

४. विषयगत कानुनको व्यवस्था प्रभावित हुने गरी अन्य कानुनमा गरिएको व्यवस्था हटाउने ।

५. भूलबश हुन गएको त्रुटि र नियतवश गरिएको कानुन प्रतिकूलको कार्यलाई एकै कोटीमा राखी कसुर र दण्ड सजाय गर्ने व्यवस्था हटाउने ।

६. तजबिजी अधिकारलाई न्यूनीकरण गर्ने र कर्मचारीलाई जिम्मेवार बनाउने ।

७. अनावश्यक र झन्झटिला प्रशासनिक प्रक्रियालाई हटाउने ।

८. व्यवसायको सिलसिलामा आर्थिक लाभको उद्देश्यबाट भएको कसुरजन्य कार्यमा Retributive Penology, Principle of Proportional Justice को सिद्धान्तअनुसार मनासिव रकम जरिबाना गर्ने र कैदको व्यवस्था हटाउने ।

९. व्यावसायिक काम कारबाहीको अनुसन्धानको सिलसिलामा छापा मार्ने, खानतलासी लिने, सिलबन्दी गर्ने, पक्राउ गर्ने जस्ता कार्यले उद्योगी व्यावसायीको व्यवसाय, इज्जत प्रतिष्ठा र आर्थिक कारोबार प्रभावित हुने हुँदा यस्तो प्रक्रियालाई न्यूनीकरण गर्ने ।

१. *विदेशमा लगानी गर्न प्रतिबन्ध लगाउने ऐन, २०२१*

आजभन्दा करिब ५३ वर्षअगाडि नियोजित अर्थ व्यवस्था भएको समयमा बनेको उक्त ऐन उदार अर्थ व्यवस्थाको भावना प्रतिकूल छ । नेपालीलाई विदेशमा लगानी गर्न खुला गरिएमा सहकार्यको रूपमा समेत नेपालमा विदेशी लगानी अभिवृद्धि हुन्छ । वर्तमान परिप्रेक्ष्यमा नेपालीले विदेशमा समेत उद्योग व्यवसाय विस्तार गर्न पाउनुपर्ने र नेपाली नागरिकले अन्य मुलुकमा व्यापार विस्तार गरेको खण्डमा स्वाभाविक रूपमा देशको अर्थतन्त्रमा सकारात्मक प्रभाव पर्ने, नेपालमा विदेशी लगानी वृद्धि गर्न सहयोग पुग्छ । साथै हाल देखा परेको अनौपचारिक माध्यमबाट विदेशमा लगानी गर्ने प्रवृत्ति बन्द हुने र विदेशमा भएको लगानी र प्रतिफल पुनः मुलुकभित्र फिर्ता हुने मार्ग प्रशस्त गर्ने हुँदा यसले समग्र अर्थतन्त्रमा सकारात्मक प्रभाव पर्छ । तसर्थ विदेशमा लगानी गर्न प्रतिबन्ध लगाउने ऐन, २०२१ खारेज गरी नेपाली नागरिक वा कम्पनीले विदेशमा लगानी गर्न पाउने व्यवस्थासहितको नयाँ ***विदेशमा लगानी व्यवस्थापन गर्ने ऐन*** निर्माण गर्नुपर्ने ।

२. *कालोबजार तथा केही अन्य सामाजिक अपराध तथा सजाय ऐन, २०३२*

*Unfair Business Practice* उद्योगी व्यवसायी तथा उपभोक्ता दुवैको हित प्रतिकूलको कार्य हो । यसलाई निराकरण गर्नुपर्छ भन्ने परिसंघको स्पष्ट धारणा छ । तर हाल विद्यमान रहेको कालोबजार तथा केही अन्य सामाजिक अपराध तथा सजाय ऐन, २०३२ नियोजित अर्थ व्यवस्था भएको र अञ्चलाधीशको आदेशबाट नै उद्योगी व्यवसायीहरू माथि नियन्त्रण गर्ने र तत्काल बहाल रहेका अन्य कानुनहरूको कमी कमजोरी एवम् रिक्तता पूर्ती गर्नको लागि निर्माण भएको हो । तर हाल देशको आर्थिक, राजनीतिक एवम् व्यावसायिक अवधारणाहरूमा परिवर्तन भइसकेको, मुलुक विश्व बजारमा प्रवेश गरिसकेको अवस्था छ । साथै उक्त ऐनले कसुरजन्य कार्य भनी परिभाषित गरेका कतिपय कार्य आर्थिक उदारीकरण र बजार मुखी अर्थ व्यवस्थाको परिप्रेक्ष्यमा कसुरजन्य अपराध मान्न नमिल्ने अवस्था पनि छ ।

मूलरूपमा यो कानुनको दफा (२) ले कालो बजार, दफा (३) ले नाफाखोरी, दफा (४) ले मालबस्तुको विचलन, दफा (५) ले जम्माखोरी तथा कृत्रिम अभाव, दफा (६) ले झुक्याई बिक्री वितरण र दफा (७) ले औषधिमा मिसावट गर्ने कार्यहरूलाई कसुरजन्य कार्यको रूपमा परिभाषित गरेकोमा उपर्युक्त कार्यहरूलाई यो भन्दा पछि बनेका वा पछि संशोधन गरिएका निम्नलिखित कानुनहरूबाट त्यस्ता कार्यहरूलाई नियन्त्रण गर्ने विशेष व्यवस्था गरिएको छ ।

(क) उपभोक्ता संरक्षण ऐन, २०५४ को दफा (७) ले माग आपूर्ति वा मूल्यमा प्रतिकूल प्रभाव पार्न नहुने, दफा (८) उपभोग्य वस्तु वा सेवाको आपूर्तिलाई व्यवस्थित तथा नियन्त्रित गर्ने अधिकार, दफा (९) उपभोग्य वस्तुमा उल्लेख गर्नुपर्ने कुराहरू, दफा (१०) ले उपभोग्य वस्तु वा सेवाको सम्बन्धमा गर्न नहुने काम, दफा (११) ले उपभोग्य वस्तु वा सेवाको गुणस्तर, दफा (१२) ले मूल्य सूची राख्नुपर्ने र सोको नियन्त्रण, अनुसन्धान, अनुगमन गर्ने व्यवस्था सहित कसैले सोको प्रतिकूल काम गरेमा सजायको भागीदार हुने र क्षतिपूर्ति व्यहोर्न पर्ने सहितको व्यवस्था छ ।

(ख) औषधि ऐन, २०३५ ले औषधिको मूल्य, गुणस्तर, उपलब्धता सम्बन्धमा व्यवस्था गरेको छ र सोको नियन्त्रण, अनुसन्धान, अनुगमन गर्ने व्यवस्थासहित कसैले सो ऐनको प्रतिकूल काम गरेमा सजायको भागीदार हुने व्यवस्था गरेको छ ।

(ग) सवारी तथा यातायात व्यवस्था ऐन २०४९ को दफा ९६ ले बढी भाडा लिन नहुने व्यवस्था गरेको छ ।

(घ) कसैको जीउ-ज्यानमा असर पर्ने गरी कुनै काम भएमा मुलुकी ऐन ज्यानसम्बन्धीको महलबमोजिम सजाय हुने व्यवस्था छ ।

(ङ) प्रतिस्पर्धा प्रवर्द्धन तथा बजार संरक्षण ऐन, २०६३ कार्यान्वयनमा आइसकेको छ र सो ऐनको परिच्छेद २ मा स्वच्छ प्रतिस्पर्धा विरूद्धका कार्यहरूलाई कसुर मानी सजाय गर्ने व्यवस्था छ ।

माथि उल्लिखित अन्य विषयगत कानुनले तत्कानुन विपरीत भएका कार्यको सम्बन्धमा कारबाही र सजायको विशेष व्यवस्था गरिसकेको हुँदा तिनै विषयमा कालोबजार तथा केही अन्य सामाजिक अपराध र सजाय ऐन, २०३२ कायम राखिरहन आवश्यक छैन ।

अतः कालोबजार तथा केही अन्य सामाजिक अपराध र सजाय ऐन, २०३२ को प्रावधानहरू उद्योग व्यवसायसँग सम्बन्धित अन्य प्रचलित नेपाल कानुन, नेपालले प्रतिबद्धता जनाएका माथि उल्लिखित दस्तावेजहरूको प्रतिकूल रहेको, विगतको अनुभवबाट यसलाई देश र जनताको हितमाभन्दा उद्योगी व्यवसायीप्रति प्रतिशोध साँध्ने अस्त्रको रूपमा प्रयोग भई व्यावसायिक वातावरणमा नकारात्मक प्रभाव पारेको हुँदा यो ऐन खारेज गर्नुपर्ने ।

### ३. *निकासी पैठारी (नियन्त्रण) ऐन, २०१३*

नेपाल विश्व व्यापार संगठनको सदस्य भैसकेको, विभिन्न अन्तर्राष्ट्रिय महासन्धि तथा बहुपक्षीय र द्विपक्षीय सम्झौताद्वारा अन्तर्राष्ट्रिय व्यापारसम्बन्धी नीति र सिद्धान्तहरूलाई स्वीकार गरिसकेको परिप्रेक्ष्यमा उक्त नीति र सिद्धान्तहरूको अधीनमा रही समय-सापेक्ष रूपमा निकासी पैठारीलाई व्यवस्थित गरी नेपालको उद्योग व्यवसायको संरक्षण गर्दै देशको व्यापार घाटालाई न्यूनीकरण गर्न विषयगत कानुनहरूको व्यवस्थाअनुसार नै वैदेशिक व्यापारको विकास तथा नियमित गर्नु सान्दर्भिक हुने भएकोले निश्चित उद्देश्य र मापदण्ड किटान गरिएको निकासी पैठारी (नियन्त्रण) ऐन २०१३ असान्दर्भिक हुँदा खारेज गर्नुपर्ने ।

### ४. *आवश्यक वस्तु संरक्षण ऐन, २०१२*

यो ऐनभन्दा पछि बनेको उपभोक्ता संरक्षण ऐन, २०५४ र प्रतिस्पर्धा प्रवर्द्धन तथा बजार संरक्षण ऐन, २०६३ लागू भइसकेको परिप्रेक्ष्यमा एकै विषयमा धेरै कानुनको विद्यमानता आवश्यक नभएकोले नियोजित अर्थ व्यवस्था रहेको समयमा निर्माण गरिएको आवश्यक वस्तु संरक्षण ऐन, २०१२ खारेज गर्नुपर्ने ।

### ५. *आवश्यक पदार्थ नियन्त्रण (अधिकार) ऐन, २०१७*

यो ऐनभन्दा पछि बनेको उपभोक्ता संरक्षण ऐन, २०५४ र प्रतिस्पर्धा प्रवर्द्धन तथा बजार संरक्षण ऐन, २०६३ लागू भइसकेको परिप्रेक्ष्यमा एकै विषयमा धेरै कानुनको विद्यमानता आवश्यक नभएकोले नियोजित अर्थ व्यवस्था रहेको समयमा निर्माण गरिएको आवश्यक वस्तु संरक्षण ऐन, २०१२ खारेज गर्नुपर्ने ।

### ६. *मदिरा ऐन, २०१७*

यो ऐनको व्यवस्था अन्तशुल्क ऐन, २०५८ मा नै समेटिएको हुँदा यस्को आवश्यकता नभएकोले खारेज गर्नुपर्ने । उच्चस्तरीय कर प्रणाली पुनरावलोकन आयोग, २०७१ को प्रतिवेदनले पनि उक्त ऐन आवश्यक नभएकोले खारेज गर्ने सुझाव पेस गरेको छ ।

## *साबिकका ऐनहरूमा व्यापक सुधार गर्नुपर्ने वा खारेज गरी नयाँ बनाउनु पर्ने*

### १. *बोनस ऐन, २०३०*

हाल बहाल रहेको बोनस ऐन, २०३० लाई खारेज गरी औद्योगिक व्यवसाय ऐन, २०७३, श्रम ऐन, २०७४ र योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४ को व्यवस्थासँग तादात्म्य हुने गरी संशोधन गर्न वा नयाँ ऐन बनाउनु पर्ने ।

### २. *पेटेन्ट डिजाइन र ट्रेडमार्क ऐन, २०२२*

नेपाल पक्ष रहेको विश्व बौद्धिक सम्पत्ति संगठन (*WIPO*), औद्योगिक सम्पत्ति संरक्षणसम्बन्धी पेरिस महासन्धि (*Paris Convention*),

विश्व व्यापार संगठनले अंगीकार गरेको *TRIPs* तथा हालै मात्र नेपाल सरकारबाट स्वीकृत राष्ट्रिय बौद्धिक सम्पत्ति नीति, २०७३ मा उल्लेखित नीति र व्यवस्था कार्यान्वयन गर्नको लागि साबिकको पेटेन्ट, डिजाइन र ट्रेडमार्क ऐन, २०२२ मा व्यापक संशोधन गर्नुपर्ने वा नयाँ ऐन निर्माण गर्नुपर्ने ।

३. *नेपाल एजेन्सी ऐन, २०१४*

करिब ६० वर्षअघि तत्कालीन आवश्यकतानुसार बनेको नेपाल एजेन्सी ऐन, २०१४ विश्वव्यापीकरणको हालको सन्दर्भमा अपर्याप्त रहेकोले उक्त ऐनलाई खारेज गरी नयाँ ऐन निर्माण गर्नुपर्ने ।

४. *औषधि ऐन, २०३५*

